# उपभोक्ता समितिमाथि अख्तियारको अंकुश, प्राविधिक रूपले जटिल काम समितिमार्फत् नगराउन निर्देशन




स्थानीय तहले उपभोक्ता समितिमार्फत् गराउने काममा अनियमितता बढेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कडाइ गरेको छ । उपभोक्ता समितिले लाखौं रुपैयाँ खर्चेर गर्ने कामको गुणस्तरमा पनि प्रश्न उठेपछि अख्तियारले प्राविधिक रुपले जटिल काम उपभोक्ता समितिमार्फत् नगराउन भनेको छ।

अख्तियारले अबका दिनमा यस्ता काम खुल्ला बोलपत्र आव्हान गरेर मात्र गर्न निर्देशनसमेत दिएको छ । अख्तियारले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्र लेखि सबै स्थानीय तह, सात वटै प्रदेश सरकार र सम्बन्धित निकायलाई निर्देशनअनुसार कार्य गर्न भनेको हो । संघीय मामिला मन्त्रालयले पनि ७ सय ५३ वटै स्थानीय तहलाई पत्र लेखि अख्तियारको निर्देशनअनुसार जटिल प्रकृतिका काम उपभोक्ता समितिमार्फत् नगराउन भनेको छ।

'अब आइन्दा प्राविधिक रुपले जटिल प्रकृतिका निर्माण कार्य, जटिल किसिमको गुणस्तर परीक्षण गर्नुपर्ने, हेभी मेसिन प्रयोग गर्नुपर्ने, जनसहभागिता जुट्न नसक्ने, निर्माणपश्चात् मर्मत सम्भार उपभोक्ता समितिबाट हुन नसक्ने, निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ता समितिमा योजना हस्तान्तरण गर्न नसक्नेजस्ता कार्य गराउँदा उपभोक्ता समितिबाट नगराई प्रचलित कानुनबमोजिम खुल्ला बोलपत्र आव्हान गरी निर्माण गर्न÷गराउन उपयुक्त हुने देखिएकाले संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयमार्फत् सबै स्थानीय तह र सात वटै प्रदेश सरकार, सम्बन्धित निकायलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ उपदफा (१) को खण्ड (ख) बमोजिम सुझाव लेखि पठाउने,' यही असोज २ गते अख्तियारले गरेको निर्णयमा भनिएको छ।

अख्तियारले असोज २ गते गरेको उक्त निर्णय कार्यान्वयनका लागि भन्दै असोज ८ गते संघीय मामिला मन्त्रालयमा पठाएको थियो । संघीय मामिला मन्त्रालयले मंगलबार (असोज १४) अख्तियारको निर्देशन कार्यान्वयनमा ल्याउन भन्दै सबै स्थानीय तहलाई पत्र पठाएको छ।

‘मूलत उपभोक्ता समितिसँग भारी उपकरण, दक्ष प्राविधिक र कामको अनुभवको अभाव रहनुका साथै लागत साझेदारीसमेत नजुटेको सन्दर्भमा आयोगबाट लेखिए बमोजिमको सुझाव कार्यान्वयनका लागि सात वटै प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र सबै स्थानीय तहमा लेखि पठाउने भनी निर्णयानुसार अनुरोध छ,’ संघीय मामिलाले सबै स्थानीय तहलाई सम्बोधन गरी मंगलबार पठाएको पत्रमा उल्लेख छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (१) मा उपभोक्ता समिति वा लाभग्राही समूह सहभागी गराई निर्माण कार्यको खरिद गर्न सक्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समूहबाट निर्माण कार्य गराउँदा वा सोसम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता गुणस्तरीयता वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको उद्देश्य परिपूर्ति हुने भएमा समिति वा लाभग्राही समूहलाई तोकिए बमोजिम कार्यविधि पुरा गरी यस्तो कार्य गर्न वा सेवा लिन सकिन्छ भन्ने उल्लेख गरिएको छ।

‘ऐनको उक्त उद्देश्यले गुणस्तरलाई सम्झौता गरेको देखिँदैन, तापनि फिल्ड स्तरमा सम्पादन गरिने अधिकांस पूर्वाधारका काम स्थानीय तहबाट गठित उपभोक्ता समिति वा उपभोक्ता समितिले निर्माण व्यवसायी परिचालन गरी काम गराउँदा गुणस्तरीयताको सवाल उठ्दै आएको छ,’ उपभोक्ता समितिलाई प्राविधिक रुपले जटिल काम नदिनुको कारण संघीय मामिलाले पत्रमा लेखेको छ।

तनहुँको बन्दिपुरमा उपभोक्ता समितिमार्फत् सडक निर्माण गर्दा अनियमितता भएको भन्दै परेको उजुरीमाथि अनुसन्धान गर्दा धेरै कमिकमजोरी भेटिएपछि अख्तियारले जटिल काम उपभोक्ता समितिलाई दिन नहुने निस्कर्षमा पुगेको हो।

तनहुँको बन्दिपुर गाउँपालिकाले २०७४ चैत २३ गते बन्दिपुर—ढाडखोला पक्की सडक निर्माण गर्न ९५ लाख ६७ हजार ८ सय ५६ रुपैयाँको लागत अनुमान तयार गरी २०७५ असार २० गतेसम्म कार्य सम्पन्न गर्ने सम्झौता उपभोक्ता समितिसँग गरेको थियो।

सडक डिभिजन कार्यालय दमौलीका इन्जिनियर सचिन श्रेष्ठले दिएको प्रतिवेदनअनुसार उक्त सडक निर्माणमा ’सब बेस कोर्ष÷ र ’बेस कोर्ष÷ को मोटाई लागत अनुमानमा उल्लेख गरिए भन्दा कम देखियो। अख्तियारको पोखरास्थित कार्यालयबाट खटिएको टोलीले उक्त सडकको अध्ययन गरी बुझाएको प्रतिवेदनमा पनि लागत अनुमानभन्दा फरक किसिमले सडक बनेको देखियो । लागत अनुमानमा १० सेन्टिमिटर ठोस मोटाइको बेस कोर्ष उल्लेख गरिए पनि ७.५ सेन्टिमिटर मात्र राखिएको छ । लागत अनुमान तयार गर्दा १० सेन्टिमिटरको ठोस मोटाईको सब बेस कोर्ष भनिए पनि फिल्डमा ८ सेन्टिमिटर भन्दा देखिएन।

लागत अनुमानमा ’ल्याब टेस्ट÷ को समेत प्रावधान राखिएको थियो । तर उपभोक्ता समितिले ल्याब टेस्टको रिपोर्ट बुझाएको छैन । कामको अन्तिम मुल्यांकन अनुसार ८२ लाख १ हजार ८ सय २८ रुपैयाँ भुक्तानी गरिएको छ । उपभोक्ता समितिलाई जटिल काम दिँदा निर्माण भएको सडकले सवारी साधनको भार वहन गर्न सक्ने क्षमतामा कमि आएको अख्तियारले औंल्याएको छ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने उल्लेख छ । कुनै निर्माण व्यवसायी वा सब—कन्ट्रयाक्टरमार्फत उपभोक्ता समितिले काम गराउन पाउने छैनन्।

‘बन्दिपुर गाउँपालिकाले भने सार्वजनिक खरिद ऐन र नियमावलिको प्रावधान प्रतिकूल हुनेगरी प्राविधिकरुपमा जटिल र उपभोक्ता समितिको क्षमताले निर्माण गर्न नसक्ने प्रकृतिको सडक कालोपत्रे गर्ने कार्य उपभोक्ता समितिमार्फत् गराउँदा तोकिएको गुणस्तर र परिणामअनुसारको सडक निर्माण गरिएको भन्ने देखिन आएन,’ अख्तियारले संघीय मामिलालाई लेखेको पत्रमा भनिएको छ।

प्राविधिकरुपले जटिल काम सीमित प्राविधिक ज्ञान र प्रयोगशाला अभाव तथा प्रयोगशाला पहुँचभन्दा टाढा रहेको उपभोक्ता समितिमार्फत गराउँदा निर्माण भएको संरचनाको तोकिएको गुणस्तरमा निर्माण नहुने, उपभोक्ता समितिले निर्माण व्यवसायी संलग्न गरी निर्माण गर्नु पर्ने तथा मर्मतसम्भारको जिम्मेवारी वहन गर्न नसक्ने ठहर अख्तियारले गरेको छ ।